# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।११।१४ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला बाँके, यातायात व्यवस्था कार्यालय, नेपालगञ्ज, बाँकेका कम्प्युटर अधिकृत छैटौं शक्ति ठाकुर समेतले सवारी चालक अनुमतिपत्र लाइसेन्सको लिखित तथा प्रयोगात्मक परीक्षाको परिणाम फेरबदल गरी गैरकानुनी लाभ हानी पुऱ्याउने बदनियतले गलत लिखत तयार गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा यातायात व्यवस्था कार्यालय बाँकेका तत्कालीन कार्यालय प्रमुख लोक बहादुर सुनार, अधिकृत छैठो तहका (क.अ.) शक्ति ठाकुर, अधिकृत छैठो तहका प्रेम प्रसाद उपाध्याय,, नायव सुब्बा मुकुन्द राज के.सी., कम्प्युटर अधिकृत सतिष जङ्ग शाह, सहायक कम्प्युटर अपरेटर मनोज गिरी, नायब सुब्बा चित्र बहादुर महतारा, अधिकृत छैठो पूर्णमान वली, जिल्ला प्रहरी कार्यालय, बाँकेका तत्कालीन प्रहरी वरिष्ठ नायव निरीक्षक प्रविण आचार्य, प्रहरी वरिष्ठ नायव निरीक्षक नन्द कुमार पोखरेलसमेतका राष्ट्रसेवक प्रतिवादीहरुले शरद कुमार गोराथोकीसमेतका गैरराष्ट्रसेवक प्रतिवादीहरुसँगको मिलेमतो तथा योजनामा यातायात व्यवस्था कार्यालय, बाँकेमा बिभिन्न मितिमा सञ्चालित "क" र "ट" वर्गको लिखित परीक्षाका परीक्षार्थी बेलमती कुमारी बुढा, मिति २०८१/०६/१४, एप्लिकेन्ट आईडि १००३३२९७, ममता कुमारी बुढाक्षेत्री, मिति २०८१/११/१२, अनिस श्रेष्ठ, मिति २०८१/०९/२२, एप्लिकेन्ट आईडी १०१३३७९४, अरसद अन्सारी, मिति २०८१/०८/२७, एप्लिकेन्ट आईडि १०१०५७२६, हरि बहादुर सिंह, मिति २०८१/०९/१७, एप्लिकेन्ट आईडी १०१२८५५७, सन्ध्या न्यौपाने, मिति २०८१/०९/२४, एप्लिकेन्ट आईडि १०१३८२६८, ज्योति साउँद, मिति २०८१/०९/२२, एप्लिकेन्ट आईडी १०१३४५०७, जनक बहादुर साउँद, मिति २०८१/११/१२, एप्लिकेन्ट आईडि ९०१५९५६ र डिल बहादुर नेपाली, मिति २०८१/०९/२३, एप्लिकेन्ट आईडि १०१३५४८९ भएको सरकारी अभिलेखमा रहने उत्तरपुस्तिका अनाधिकार एवं गैरकानुनी तरिकाले सच्याउने, केरमेट गर्ने, थपघट गर्ने र हेरफेर गर्ने लगायतको कार्य गरी गराई परीक्षाको परिणाम फेरबदल गर्ने गराउने कार्य गरेको तथ्य डिजिटल फरेन्सिक युनिटको मिति २०८२/०१/०५ गतेको पत्रमार्फत प्राप्त प्रतिवेदन, नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय विधि विज्ञान प्रयोगशालाको मिति २०८२/०३/२९ गतेको पत्रसाथ प्राप्त प्रतिवेदन, परीक्षार्थीहरुले अधिकारी प्राप्त अधिकारी समक्ष गरेको बयान, प्रतिवादीहरुको Whatsapp chat मा मेसेज तथा फोटो समेतको विवरण, यातायात व्यवस्था विभागको मिति २०८२/०४/०६ गतेको निजहरु परीक्षार्थीहरुले सवारी चालक अनुमती पत्र प्राप्त गरेको भन्नेसमेत व्यहोराको पत्र समेतका आधार प्रमाणहरुबाट पुष्टि भएको देखिंदा निजहरुको मिलेमतो र योजनामा बदनियत राखी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९, सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ र यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० (शंसोधन सहितको) लगायतको प्रचलित कानूनले तोकेको निर्धारित मापदण्ड विपरीत प्रतिवादीहरुले आफू समेतलाई गैरकानुनी लाभ पुऱ्याउने

वदनियतले यातायात व्यवस्था कार्यालय लगायतको सरकारी तथा सार्वजनिक निकायका अभिलेखमा रहने उत्तरपुस्तिका अनाधिकार एवं गैरकानुनी तरिकाले सच्याउने, केरमेट गर्ने, थपघट गर्ने र हेरफेर गरेको देखिनुका साथै राष्ट्रसेवक प्रतिवादीहरुलाई गैरकानुनी लाभ पुऱ्याउने वदनियतले परीक्षाको परिणाममा फेरवदल गरी गर्न लगाई अनाधिकार परीक्षाको परिणाममा फेरवदल गरे गराएको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १३ बमोजिमको कसुर भएकोले निज प्रतिवादीहरुलाई देहायबमोजिमको सजायको मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

<u>**देहाय**</u>

| **सि.नं** | **नामथर, पद र कार्यालय** | **कसुर तथा सजायको मागदाबी** |
|---|---|---|
| १. | यातायात व्यवस्था कार्यालय, नेपालगञ्ज, बाँकेका तत्कालीन कार्यालय प्रमुख (उपसचिव) हाल आन्तरिक मामिला तथा कानून मन्त्रालय, लुम्बिनी प्रदेशका सचिव (सह-सचिव) **लोक बहादुर सुनार**, यातायात व्यवस्था कार्यालय नेपालगञ्ज, बाँकेका अधिकृत छैठौं तह (कम्प्यूटर अधिकृत) **शक्ति ठाकुर**, अधिकृत छैठौं **प्रेम प्रसाद उपाध्याय**, तत्कालीन कम्प्यूटर अधिकृत **सतिष जङ्ग शाह**, तत्कालीन नायब सुब्बा **चित्र बहादुर महतारा**, अधिकृत छैठौं **पूर्णमान वली**, सहायक कम्प्युटर अपरेटर **मनोज गिरी** र साविकमा यातायात व्यवस्था कार्यालय, बाँके हाल घरेलु तथा साना उद्योग कार्यालय नेपालगञ्ज, बाँकेका नायव सुब्बा **मुकुन्द राज के.सी.** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १३ बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १३ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| २. | जिल्ला ट्राफिक प्रहरी कार्यालय, बाँकेका तत्कालीन प्रहरी वरिष्ठ नायव निरीक्षक **प्रविण आचार्य** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १३ बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १३ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | जिल्ला ट्राफिक प्रहरी कार्यालय, | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १३ |

| | | |
|---|---|---|
| | बाँके कोहलपुर अन्तर्गत अस्थाई ट्राफिक प्रहरी पोष्ट, नेपालगञ्जमा प्रहरी वरिष्ठ नायव निरीक्षक **नन्द कुमार पोखरेल** | बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १३ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ४. | न्यू मामा भाञ्जा मोटर ड्राईभिङ्ग ट्रेनिङ्ग सेन्टरका सञ्चालक **शरद कुमार गोराथोकी** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १३ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी प्रकृतिको लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएकोले मुख्य कसुरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १३ बमोजिम हुने कैद र जरिवाना सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसुरदारहरुलाई सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने